जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४० अंक ९ २०७८ साल असोज ३ गते आइतवार (19 Sep. 2021 Sunday) मूल्य रु. ७/-

सातौं संविधान दिवस राष्ट्रिय दिवसका रुपमा हर्षोल्लासका साथ मनाऔं,

घरघरमा राष्ट्रिय झण्डा फहराई दीप प्रज्वलन गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : जनज्योति कृषि सहकारी संस्था ... पृष्ठ ३ मा : अस्पतालहरुमा डाइटिसियनको ... पृष्ठ ४ मा : प्रदेश २ को आर्थिक ... पृष्ठ ५ मा : साह दम्पत्तिलाई ....

## अशक्तलाई ह्विलचियर र छात्रालाई साईकल




**राजविराज**/प्रदेश २ का समाजिक विकास मन्त्री नवल किशोर साहले सप्तरीको कंचनरुप नगरपालिका र अग्नीसाईर कृष्णा सवरण गाउँपालिकामा शनिवार छात्राहरुलाई साईकल र शारिरिक रुपमा कष्टकर जीवन विताउन बाध्य शारिरिक आपाङ्गता भएकाहरुलाई ह्विलचियर वितरण गरेका छन् ।

मन्त्री साहले एकै दिन कंचनरुप नगरपालिका स्थित आधारभूत विद्यालय, जनता माध्यमिक विद्यालय र अग्नीसाईर कृष्णा सवरण गाउँपालिका स्थित जनचेतना माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्यनरत ६१ जना छात्रालाई साईकल वितरण गरेका हुन ।

त्यस्तै विविध कारण शारिरीक आपाङ्गता भएका कंचनरुप नगरपालिकाका १३ र अग्नीसाईर कृष्णा सवरण गाउँपालिकाका १२ गरि २५ जना अशक्तहरुलाई ह्विलचियर पनि मन्त्री साहले वितरण गरे ।

कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, उपप्रमुख निरु पोखरेल, अग्नीसाईर कृष्ण सवरण गाउँपालिकाका अध्यक्ष परशुराम चौधरी, शिक्षक मंचका केन्द्रिय

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योतीले सार्वजनिक गर्‍यो चार वर्षे व्यवसायीक रणनीतिक योजना



**राजविराज**/जनज्योति कृषि सहकारी संस्था राजविराज ९ मलेठले १० औं वर्षमा प्रवेश गरेको अवसरमा चार वर्षे व्यवसायीक रणनीतिक योजना सार्वजनिक गरेको छ ।

संस्थाले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै आ.ब. २०७८/७९ देखी २०८१/८२ सम्मको व्यवसायीक रणनीतिक योजना सार्वजनिक गरेको हो ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले आ.ब. २०७७/७८ मा रहेको २ करोड ३० लाख २३ हजार एक सय शेयर पूँजीलाई बढोत्तरी गर्दै आ.ब. २०८१/८२ सम्ममा ५ करोड २३ हजार एक सय पुर्‍याउने लक्ष्य लिएको जानकारी दिए । उनले कोष हिसाबतर्फ ६५ लाख ९२ हजार ८ सय ३४ रुँपैया १५

***बाँकी अन्तिम पृष्ठमा***

**नेपालको संविधानका विशेषता**

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता ,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मुल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार

विज्ञापन बोर्ड

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय ....

# विद्यालय संचालक र प्रशासनलाई थप चुनौती

झण्डै ६ महिनापछि विद्यालयहरु खुलेका छन् । कोरोना महामारीका कारण लामो समयदेखी बन्द रहेका विद्यालयहरु धमाधम खुल्न थालेको हो । विद्यार्थीहरु महामारीका कारण विद्यालय जानबाट बञ्चित भएपछि सरकारले बैकल्पिक पढाईको व्यवस्था गरेपनि त्यो फलदायी हुनसकेन् । अनलाइन माध्यमबाट विद्यार्थी पढाई गर्ने गरेको तर खासै सो पढाईबाट लाभ हुन सकेको छैन् । साना कक्षाका बालबालिकाका लागि अनलाइन कक्षा प्रभावकारी नभएपनि माथिल्लो कक्षाका विद्यार्थीहरु अहिलेपनि सोही माध्यमबाट पढिरहेका छन् ।

वर्तमान अवस्थामा कोभिड १९ का कारण शैक्षिक क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ । लाखौं बालबालिकाहरु शिक्षाबाट बञ्चित हुन पुगे । घरमै बसेर पढिरहेका बालबालिकाहरु विद्यालयको मुख हेर्न नपाएको लामो समय भइसकेको अवस्थामा महामारीका कारण अब उनीहरुलाई पुनः विद्यालय जान पहिलेको जस्तो सजिलो भने छैन् । कीन भने अहिले विद्यालयमा पठनपाठन गर्न गराउन स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्नुपर्छ । विद्यालय प्रशासनलाई स्वास्थ्य सुरक्षाप्रति गम्भिर बन्नुपर्छ । एक त नेपालको शिक्षा नीति कमजोर रहेको अवस्थामा कोभिडका कारण झनै कमजोर बनाइदिएको छ ।

बालबालिकाको भविष्य र हितलाई ध्यानमा राखेर विद्यालय प्रशासनलाई कोभिडको महामारीलाई अत्यन्त गम्भिरतापूवर्क ध्यानमा राखी विद्यालय संचालन गर्नुपर्ने चुनौती थपिएको छ । तसर्थ कोभिडको चुनौती र बालबालिकाको नियमित पढाईप्रति विद्यालय संचालक एवं प्रशासन गम्भिर हुनु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# जनज्योति कृषि सहकारी संस्था लि. ले दशौं वर्षमा प्रवेश गरेको अवसरमा सार्वजनिक गरेको व्यवसायीक रणनीतिक योजना

समुदायमा रुपैँया पैसा, मानव संसाधन एवं बौद्धिकता हुँदा हुँदै पनि छरिएर रहेका उक्त स्रोतहरुको सही रुपमा परिचालन हुन नसकेर समुदायको समय सापेक्ष विकास हुन नसकेको कुरा सवैले महसुस गरिरहेका छौं तर पनि उक्त सवै समस्याको वास्तविक समाधान के हो त भनेर खोज्ने कर्ममा सवैले स्विकारेको कुरो हो विस्वास, सहमति, सहकार्य एवं सहयात्रा सोहि कार्यको सार्थकताका लागिउक्त समयको ग्रामिण क्षेत्रमा बसोबास गर्ने आम नागरिकहरुको लागि आर्थीक कारोबार गर्ने एउटा सुदृढ, सबल एवं सक्षम संस्थाको आवश्यकता महसूस गरी वि.सं. २०६८ भाद्र २५ गते जिल्ला कृषि विकास कार्यालय सप्तरीमा विधिवत रुपमा जनज्योति कृषि सहकारी संस्था दर्ता गरियो । सहकारी संस्था स्थापनाको मर्म नै स्थानिय तहका आम नागरिकहरुको आर्थिक सामाजिक अवस्थाको सुदृढिकरण गर्ने थियो । समुदायका आम नागरिकहरुमा विकास एवं परिवर्तनको ज्योती बाल्ने उद्धेश्य अनुरुप संस्थाको नाम "जनज्योती कृषि सहकारी संस्था" राखियो ।

संस्थाको स्विकृत कार्यक्षेत्रका बहुसंख्यक जनसंख्या कृषि पेशामा आवद्ध भएका कारण कृषि पेशालाई प्रविधि मैत्री बनाई नागरिकहरुलाई बढि भन्दा बढि व्यवसायिक बनाउने उद्धेश्यले संस्था स्थापना एवं संचालन गरिएको हो । स्थापनाको समय देखि नै संस्थाले आफ्ना समग्र गतिविधिहरुलाई सदस्य मैत्री बनाई सदस्यहरुको आर्थिक उन्नतिमा क्रियाशिल छ । सदस्यहरुको कृषि व्यवसायलाई थप व्यवस्थित एवं प्रभावकारी रुपमा अगाडि बढाउनका लागि संस्था निरन्तर रुपमा क्रियाशिल छ । संस्थाले प्रदेश सरकार लगायत कृषि एवं अन्य क्षेत्रमा कामगर्ने विभिन्न निकायहरुसँग समन्वय गरी अगाडि बढि रहेको छ । सहकारीकस्को मर्म अनुसार नीति निर्माण गरेर संस्था संचालनको सम्पुर्ण अधिकार र जिम्मेवारी सदस्यहरुकै भएका कारण संस्थाले समग्र गतिविधिहरु सदस्य मैत्रि तवरबाट अगाडि बढाईरहेको छ । समुदायमा आधारित रहेर सदस्यद्धारा संचालित भएको साथै नाफा मुखी भन्दा सेवा मुखि भावनाले स्थापित भएको संस्था हो ।यसरी अगाडि बढ्दै जाने क्रममा संस्था राष्टिय सहकारी बैंक, जिल्ला सहकारी संघ, जिल्ला कृषि सहकारी संघ लगायतका निकायहरुमा आवद्ध रहेको छ । राष्ट्रिय सहकारी बैंक लगायतका छाता संघहरु सँगको आवद्धताले संस्था संचालनमा कुशल अभ्यासहरु सिक्दै व्यवस्थित रुपमा संस्था अगाडी बढाईएको छ ।संस्थाले नवौं बसन्त पार गरी दशौंमा प्रवेश गर्दा २०७८ आषाढ मसान्त सम्ममा २,२०० जना शेयर सदस्य,रु.२,३०,२३,१००शेयर पूंजी,रु.५,७६,०८,२१८ वचत,जम्मा रहेको छ भने सदस्यहरुको वित्तिय आवश्यक्ताहरु परिपूर्तिकालागि विभिन्न शीर्षकमा रु. १३,६७,१८,२५८ ऋण लगानी गरी रु. २१,०३,२८,५०८।को कुल सम्पति कायम गर्न सफल भएको छ । संस्था व्यवसायिक रुपमा संचालन गर्नका लागि सहकारी बैंकले संचालनमा ल्याएको CARE कार्यक्रममा आवद्ध छ । संस्थाले विगतका दिनहरुमा संचालन गरिरहेका कार्यक्रमहरुलाई निरन्तरता दिदैं आफ्नो कार्यक्षेत्र भित्र रहेका सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि थप आयमूलक रोजगार तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरी गरीब, विपन्न तथा पिछडिएका वर्गहरुको उत्थान तथा विकासका लागि मद्दत पुऱ्याउनेछ । जसबाट समाजमा अशिक्षा, गरीवी तथा अज्ञानताको न्यूनीकरण भई सदस्यको उच्च जीवनस्तर निर्माण हुनेछ । कृषि सहकारी संस्था भएका कारण सदस्यहरुको कृषि व्यवसायमा प्रत्यक्ष टेवा पुर्याइरहेको छ । साथै सदस्यहरुको व्यवसायिक सोचको विकास गरि आत्मनिर्भर समेत बनाइ रहेको छ । संस्थाको विभिन्न पदमा बसेर कार्यरत कर्मचारी तथा सदस्यहरुमा नेतृत्व क्षमताको विकास पनि भएको छ । यस्ता सवल पक्षहरुलाई व्यवस्थित बनाउदै आगामी दिनमा संस्थाको उत्कृष्ठ छवि निर्माण गरि दीगो विकास गर्ने योजनाका साथ अगाढि बढिरहेको छ । संस्थाले ४ वर्षे रणनीतिक व्यवसायिक योजना निर्माण गरी स्पष्ट लक्ष्य र उद्धेश्यका साथ संस्था निरन्तर अगाडि बढिरहेको छ । "समुदायमा आधारित उत्कृष्ठ दीगो सहकारी" को परिकल्पनाका साथ संस्था अगाडि बडिरहेको छ । सदस्य सन्तुष्टिलाई मुख्य उद्धेश्य बनाएको संस्था सदस्यहरुलाई सहज र सुलभ दरमा विभिन्न सेवामा समर्पित छ ।

## संस्थाको ४ वर्षे रणनीतिक व्यवसायिक योजना

| क.सं | पुजीँ तथा दायित्व | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| १ | शेयर पुजीँ | २३०२३१००.०० | २८०२३१००.०० | ३५०२३१००.०० | ४२०२३१००.०० | ५००२३१००.०० |
| २ | कोष हिसाब | ६५९२८३४.१५ | ८२४२८३४.१५ | ११३९२८३४.१५ | १४६९२८३४.१५ | २०१९२८३४.१५ |
| ३ | निक्षेप हिसाव | ५७६९४४४६.५३ | ८७६९४४४६.५३ | १२७६९४४४६.५३ | १७७६९४४४६.५३ | २३७६९४४४६.५३ |
| ४ | बाह्य ऋण | ११८२८३८१२.७६ | १५०७२५४००.४७ | १६९५३११७८.१८ | १७८२२२७२४.७७ | १८३८०१३९४.५७ |
| ५ | भुक्तानी दिनुपर्ने | ६४९२५०.०० | ६५००००.०० | ७०००००.०० | ७५००००.०० | ८०००००.०० |
| ६ | अन्य दायित्व | २८६५६०.०० | ३०००००.०० | ४०००००.०० | ५०००००.०० | ५०००००.०० |
| ७ | सञ्चालन बचत | ३५७६८८९.१७ | ४४७१११.४६ | ५३६५३३३.७६ | ६२२३७८७.१६ | ७०९५११७.३६ |
| | जम्मा | २१०१०६८९२.६१ | २८०१०६८९२.६१ | ३५०१०६८९२.६२ | ४२०१०६८९२.६१ | ५००१०६८९२.६१ |
| | सम्पत्ती | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | नगद हिसाव | ३११७७३७.०४ | ८७६९४४.४७ | १२७६९४४.४७ | १७७६९४४.४७ | २३७६९४४.४७ |
| | बैंक हिसाव | ४४१४७५३९.५८ | १७५३८८८९.३१ | २५५३८८८९.३१ | ३५५३८८८९.३१ | ४७५३८८८९.३१ |
| | लगानी हिसाब | ३०२५६००.०० | १८०२५६००.०० | ३३०२५६००.०० | ४८०२५६००.०० | ६३०२५६००.०० |
| | ऋण लगानी | १३६४६५६८७.७६ | २२०२८३५८९.८४ | २६६२९५४५८.८४ | २९९८८५४५८.८३ | ३५२०६५४५८.८४ |
| | पाउनुपर्ने हिसाब | ४७८२८१४.७५ | ५००००००.०० | ५२०००००.०० | ५३०००००.०० | ५००००००.०० |
| | स्थीर सम्पत्ती | १८३३१८६९.०० | १८३३१८६९.०० | १८७००००००.०० | २९५००००००.०० | ३०००००००.०० |
| | मसलन्द मौज्दात | ३८२९१.०० | ५००००.०० | ७००००.०० | ८००००.०० | १०००००.०० |
| | अन्य सम्पत्ती | १९७३५३.४८ | १९७३५३.४८ | १९७३५३.४८ | १९७३५३.४८ | १९७३५३.४८ |
| | | २१०१०६८९२.६१ | २८०१०६८९२.६१ | ३५०१०६८९२.६१ | ४२०१०६८९२.६० | ५००१०६८९२.६१ |

अन्तमा विगतका दिनहरुमा संस्थालाई यस उचाइ सम्म पुर्याउन साथ सहयोग दिनुहुने सम्पूर्ण शेयर सदस्य महानभावहरु, संचालक समिति,लेखा समिति,सम्पूर्ण उपसमितिका पदाधिकारीहरु,पत्रकार आदीमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा पनि अझ बढी उत्साह उमंगका साथ सहयोगको अपेक्षा राख्दछु ।

....................
विश्वनाथ मण्डल
अध्यक्ष

# अस्पतालहरुमा डाइटिसियनको महत्व किन बढिरहेको छ ?



विक्रम ढकाल

आधुनिक विज्ञान र चिकित्सा प्रणालीले पोषणलाई मानव स्वास्थ्यको अभिन्न अंगका रुपमा स्थापित गरेसँगै अस्पतालहरुमा डाइटिसियन तथा पोषणविद्को सेवासहितको स्वास्थ्य संस्था सञ्चालन प्रणाली निकै नै प्रभावकारी बन्दै गइरहेको छ। विशेष गरेर हाल कोभिडका कारण दीर्घ रोगी, कुपोषित, न्यून रोग प्रतिरोधात्मक क्षमता भएका बिरामीको मृत्यूदर उच्च हुनुले चिकित्सा प्रणालीमा डाइटिसियनको प्रभावकारी उपस्थिति र भूमिकाको आवश्यकतालाई स्पष्ट पार्दछ। अस्पतालमा डाइटिसियनको व्यवस्थाले बिरामी निको हुने दरमा वृद्धि, अस्पताल बसाइँ र उपचार अवधि छोट्याउनदेखि समग्र स्वास्थ्य संस्थाको नतिजामा गुणात्मक सुधार र गुणस्तरमा उत्कृष्टता ल्याउँछ। त्यसैले पनि पछिल्लो समय सरकारी तथा निजि अस्पतालहरुमा डाइटिसियनको माग बढ्दो छ।

डाइटिसियन सेवा संघीय तथा प्रादेशिक राजधानीसहित काठमाडौं, ललितपुर, भक्तपुर, पोखरा, विराटनगर, विर्तामोड, भैरहवा, वीरगंज, धरान, घोराही, कालिकोट लगायत अन्य सहरहरुमा सूचारु मात्रै छैनन् सेवा विस्तार, स्तर अभिवृद्धि, जनशक्तिको संख्या वृद्धि पनि निरन्तर भइरहेको छ।

**को हुन् त डाइटिसियन ?**

सरल भाषामा भन्दा डाइटिसियन भनेका हामीले खाने खाना, त्यसबाट पाइने पोषण र मानव स्वास्थ्यमा पर्ने प्रत्यक्ष प्रभाव र अन्तरसम्बन्धबारे वैज्ञानिक अध्ययन गरेका स्वास्थ्यकर्मी हुन्। जसले विभिन्न उमेर समूह, शारीरिक अवस्था अनुसार व्यक्तिहरुको पोषण स्तरको लेखाजोखा गरी डाइटसम्बद्ध समस्याको उचित उपचार र परामर्श दिने गर्दछन्। यि स्वास्थ्यकर्मीको मूख्यतः रोग लाग्नै नदिन, रोग प्रतिरोधात्मक क्षमता उच्च बनाइ राख्नदेखि कुपोषण व्यवस्थापन गर्न एवम् विविध रोगहरुबाट बिरामीलाई तीव्र र सहजै निको पार्नमा मुख्य भूमिका रहन्छ। डाइटिसियन तथा पोषणविद्हरुले स्नातक/स्नातकोत्तर वा सोभन्दा माथि मानव पोषण तथा आहार विज्ञान विषय औपचारिक अध्ययन, अनुसन्धान गरी विज्ञता हासिल गरेका हुन्छन्। मूलतः हाल यिनको माग राजधानी र बाहिरका अधिकांश सहरहरुका सरकारी तथा निजी अस्पतालहरुमा व्यापक रुपले बढिरहेको देखिन्छ।

पुड्कोपन, ख्याउटेपन, सुक्ष्म पोषक तत्वको कमि जस्ता कुपोषणका समस्याले गाँजेको नेपालजस्तो विकाशोन्मुख देशमा पोषणविदहरु विकट समुदायमा पुगेर विशेष गरी कुपोषणको उपचार, स्वास्थ्यकर्मीका लागी बृहत पोषण प्याकेज तथा क्षमता अभिवृद्धि तालिम, शिघ्र कुपोषणको एकीकृत व्यवस्थापन तालिम जस्ता विभिन्न तालिम प्रदान, स्वास्थ्य तथा पोषण शिक्षासम्बन्धी जनचेतना फैल्याइ विकराल कुपोषण ग्राफ घटाउनमा प्रमुख भूमिका रहन्छ। सुआहारा, एनटिएजी, आसमान नेपाल, प्रजेक्ट अन वास, हेलन केलर इन्न्टरनेसनल, युएसए ८, युनडब्लुएफपी, डब्लुएफपी, युनिसेफ लगायतका परियोजनामा कार्यरत रहेर देशको पोषण स्तर सुधार गरी स्वस्थ जनशक्ति उत्पादनमा पोषणविद निरन्तर लागिरहेका छन्।

**डाइटिसियन तथा पोषणविद्को महत्व किन बढिरहेको छ ?**

कुपोषणको हाहाकारसँगै हाल आधुनिक समस्याका रुपमा मोटोपना, उच्चरक्तचाप, मुटु, कलेजो, मिर्गौला, श्वासप्रश्वास, पाचनप्रणाली सम्बन्धी रोग, क्यान्सर लगायतका बिरामीको संख्या दिनप्रतिदिन उकालो लागिरहेको छ।

एनसिडी स्टेप्स सर्भे, २०१९ का अनुसार नेपालको २४.५ प्रतिशत जनसंख्यामा उच्चरक्तचाप, ११ प्रतिशत वयस्कमा उच्चकोलेस्ट्रोल रहेको पाइएको छ। त्यसैगरी डब्लुएचओ, २०१६ अनुसार ९.१ प्रतिशतमा मधुमेह रहेको देखिन्छ। एनड.एचएस,२०१६ अनुसार ५.१ प्रतिशतमा मोटोपना र १७ प्रतिशतमा अधिक तौल देखिन्छ। ग्लोबल बर्डेन अफ डिजिज डाटा, २०१७ ले विश्वमा २६.९ प्रतिशत मानिसहरुको मृत्यु मुटु रोगका कारण भइरहेको देखाएको छ। नेपालको सहरीभेगमा दीर्घ मृगौला रोग १०.६ प्रतिशत छ भने प्रतिदिन क्षयरोगका ४७ नयाँ बिरामी थपिइरहेका छन्। ग्लोबोकन २०१८ अनुसार प्रतिबर्ष हरेक १ लाख जनसंख्यामध्ये १०३.७ जनालाई क्यान्सर हुने गरेकोमा ७७.७ जनाको मृत्यु हुने गरेको देखिन्छ।

विभिन्न अनुसन्धानबाट प्राप्त तथ्याङ्क र यसका कारणहरुलाई अध्ययन गर्दा असन्तुलित खाना, उच्च प्रशोधित जंक फुड, उच्च सोडियम, अधिक चिल्लोको सेवन, होल ग्रेनको सट्टामा पोलिस्ड अन्न तथा रिफाइन पिठोको प्रयोग, खानामा फलफूल, तरकारी तथा रेसादार खानेकुराको कमी, खाध्य स्वच्छता, आहार संयोजन, स्वस्थकर पकाउने र भण्डारण गर्ने ज्ञानको कमी, शारीरिक क्रियाकलापमा ह्रास आउनु, मध्यपान, धुम्रपान तथा लागुऔषध दुर्व्यसन, स्वास्थ्य तथा पोषण शिक्षाको कमी आदी प्रमुख देखिएका छन्।

नेपाल सरकारले राष्ट्रिय योजना आयोगमार्फत त्रिविबाट उत्पादन सुरु गरेको पोषणका जनशक्ति हाल पूर्वाञ्चल विश्वविद्यालय तथा अन्य ठुला विदेशी विश्वविद्यालयमा अध्ययन गरेर फर्किएका गरी पोषणका हजारौँ विज्ञ जनशक्ति तयार भइसकेका छन्। तत्काल सरकारी अस्पतालमा ५ औं देखि ७ औं तहसम्म कार्यरत छन्। तथापी तिनको उचित उपयोग भने हुन सकिरहेको छैन।

**अस्पतालमा डाइटिसियनहरुले प्रदान गर्ने सेवाहरु**

अन्तरङ्ग उपचार सेवाः यसअन्तर्गत डाइटिसियनले अस्पतालमा भर्ना भएका बिरामीको फुड एलर्जी, ईन्टोलोरेन्स, बायोकेमिकल सुचक, रोगको जटिलता अध्ययन गरी सोही अनुरुपको डाइट प्रेस्क्राइब तथा फलोअप गर्दछन्। आइसियू/सिसियू, बेरियाट्रिक सर्जरी, अन्य मेजर तथा माइनर सर्जरी जस्ता अवस्थामा उपयुक्त घनत्व, बाक्लोपनाको खानाको योजना बनाइ आवश्यकताअनुसार इन्टेरल तथा प्यारेन्टेरल फिडिङ प्रयोग गरिन्छ।

बहिरङ्ग उपचार सेवाः बिरामी वा सेवाग्राहीको एन्थ्रोपोमेट्री, बायोकेमिकल सुचक, क्लिनिकल लक्षण, आहार मुल्याङ्कन मार्फत डाइटसम्बद्व समस्या पहिचान र समाधान गरिन्छ। सामान्य मानिसलाई पनि उमेर, लिङ्ग, पेशा, शारीरिक अवस्था, शारीरिक क्रियाकलाप अनुरुप आवश्यक क्यालोरी र अन्य तत्वको लेखाजोखा गरी उपयुक्त डाइट रेफर गरिन्छ।

इन हाउस क्याटरिङ सेवाः अस्पतालमा क्लिनिकल न्युट्रिसनिस्टको सिफारिसमा फुड सर्भिस डाइटिसियनले रोगअनुसार निश्चित तत्व निषेध वा अत्यावश्यक तत्वको आपूर्ति उच्च हुनेगरी आहार परिमार्जन गरी खाना तयार र सम्बन्धित वार्डमा पठाउने काम गर्दछ। त्यसैगरी राष्ट्रिय एवम् अर्न्तराष्ट्रिय उच्चपदस्त व्यक्तिहरुको सम्मेलन, समारोह हुँदा सम्पूर्ण खानपानको प्राविधिक जिम्मेवारी डाइटिसियनको नै हुने गर्दछ।

*बाँकी चार पृष्ठमा*





छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय सप्तरी

# प्रदेश २ को आर्थिक वृद्धिदर ३.५ प्रतिशत

**धनुषा**/प्रदेश नं २ को आर्थिक सर्वेक्षणअनुसार आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहेको छ ।

प्रदेश सरकारले पहिलो पटक आर्थिक सर्वेक्षण २०७७/७८ प्रकाशित गर्दै सो जानकारी दिएको हो ।

प्रत्येक आवको आठ महिनामा आर्थिक सर्वेक्षण प्रकाशित गर्ने प्रावधान रहे पनि प्रदेश सरकार गठन भएदेखि प्रथम पटक सर्वेक्षण प्रकाशित गरिएको हो ।

प्रदेश सरकारले प्रकाशित गरेको प्रतिवेदनमा आर्थिक उन्नतिका लागि गरिबी निवारण, रोजगारी सृर्जना, वित्तीय क्षेत्रको सुधारलगायत आर्थिक सुशासन र वित्तीय सुशासन कायम गरी आर्थिक वृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सोसँग सम्बन्धित विवरण संलग्न गरी आर्थिक सर्वेक्षण सार्वजनिक गरिएको अर्थ मन्त्रालयका सचिव काशिराज दाहालले बताए ।

सर्वेक्षणमा वित्त, वित्तीय क्षेत्र, गरिबी निवारण, रोजगारी, सुशासन, सामान्य प्रशासन, कृषि, वन तथा भूमि सुधार, उद्योग पर्यटन तथा भौतिक पूर्वाधारका परिसूचक समावेश गरिएको छ । कोभिड-१९ का कारण प्रदेश-२ का मात्र नभई देश कै उद्योग पर्यटनलगायत क्षेत्रमा नकरात्मक असर देखिए पनि कृषि र सेवाको क्षेत्रमा सुधार भएको सर्वेक्षणमा उल्लेख छ ।

प्रदेश नं २ मा आव २०७७/७८ मा कूल गार्हस्थ उत्पादनमा कृषि, सेवा र उद्योग क्षेत्रको योगदान क्रमशः ३९, ५०.२ र १० प्रतिशत रहेको अनुमान गरिएको थियो ।

सर्वेक्षणअनुसार राष्ट्रिय तहमा १३.३ प्रतिशत हिस्सा ओगटेको प्रदेश नं २ ले कोरोना महामारीमा पनि राष्ट्रको कूल ग्राहस्थ उत्पादनमा १३.२ प्रतिशत योगदान पुऱ्याउन सफल देखिएको छ ।

# नेकपा एसको महिला संघ गठन

**राजविराज**/नवगठित नेकपा एकीकृत समाजवादी पार्टीको जनवर्गीय संगठन अखिल नेपाल महिला संघ (समाजवादी) को जिल्ला कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । सो भेलाले ममता चौधरीको अध्यक्षतामा उपाध्यक्षद्वयमा अम्विका दाहाल र गीता थापा, सचिवमा हिरा चौधरी, सहसचिवमा मीरा गुप्ता तथा कोषाध्यक्षमा चन्द्रकला चौधरीसहित १ सय ३५ सदस्यीय जिल्ला कमिटी सर्वसम्मतले चयन गरेको छ ।

## *अस्पतालहरुमा ...*

शिक्षण संस्थारुमा सम्बन्धित विषय विज्ञबाट गुणस्तरीय शिक्षाः एमबिबिएस, नर्सिङ, पब्लिक हेल्थ, क्लिनिकल न्युट्रिसन तथा अन्य चिकित्सकिय संकायमा अध्ययन गर्नुपर्ने न्युट्रिसन विषय सम्बन्धित विज्ञबाट आध्यापन गराउन सकिन्छ ।

कतिपय अस्पताल अथवा अलग्गै सञ्चालित पोषण पुर्नस्थापना गृहमा डाइटिसियन नेतृत्वको टिमले मध्यम/कडा शिघ्र कुपोषण तथा अन्य कारणले कुपोषित बालबालिकाको उपचार एवम् पुनर्स्थापना गर्ने कार्यमा गर्दछन् ।

आर्मी, प्रहरी, खेलकुद, जिम, लगायतका क्षेत्रमा उच्च शारीरिक क्रियाकलाप गर्नुपर्ने हुन्छ र खानपानमा आउने सामान्य असन्तुलनले पनि यिनको फिटनेस र प्रदर्शनमा गहिरो प्रभाव पर्दछ । तसर्थ उत्पादन क्षमता वृद्धि र आशातित नतिजाका लागी डाइटिसियनद्वारा डाइट म्यानेजमेन्ट गर्ने गरिन्छ ।

**अस्पताललाई लाभ**

डाइटिसियनको सेवासहितको स्वास्थ्य संस्था सञ्चालन प्रणालीले बिरामी निको हुने दरमा गुणात्मक वृद्धि, अस्पताल बसाइँ र उपचार अवधि छोट्याउने, अस्पतालको नतिजामा सुधार र गुणस्तरमा उत्कृष्टता ल्याउछ । जसले सेवाग्राहीको आर्कषणलाई बढाउने गर्दछ ।

आईपिडी तथा ओपिडी सेवा अस्पताल प्रशासनको एक प्रमुख आर्थिक स्रोतका रुपमा लिन सकिन्छ । त्यस्तै इन हाउस क्याटरिङ सेवामार्फत डाइटिसियनको निगिरानीमा बिरामीलाई अस्पतालको आफ्नै क्यान्टिनबाट खाना डेलिभर हुने हुँदा यो पनि आम्दानीको मुख्य स्रोत हो । डाइटिसियनका मातहतमा स्नातक तथा स्नातकोत्तरका तहका विद्यार्थीलाई इन्टर्न गराउँदा शुल्क मात्रै प्राप्त हुँदैन त्यसअवधिभर विभागको कार्यक्षमता र उत्पादकत्व वृद्धि हुनगई सेवा अझ प्रभावकारी हुने गर्दछ । खानपान र मधुमेह, क्यान्सर, मुटु, कलेजो, मृगौला, श्वासप्रश्वास, पाचनप्रणाली सम्बन्धी रोग, आइसियू/सिसियू, प्रि तथा पोस्ट अपरेटिभ डाइट लगायत बिषयक अन्तर विभागिय तथा राष्ट्रिय एवम् अर्न्तराष्ट्रिय प्रिमियम गोष्ठी, तालिम, सम्मेलनको नियमित आयोजनाले पनि राम्रो अर्थोपाजन गर्नुका साथै स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि.हुनगइ अस्पतालले प्रतिस्पर्धाको बजारमा प्रशस्त ख्याती प्राप्त गर्दछ । त्यस्तै क्लिनिकल न्युट्रिसन तथा डाईटेटिक्स सेवालाई समावेश गरी विभिन्न वेलनेस प्याकेज ल्याउन सकिन्छ । इन्टरनेसनल प्यासेन्ट सर्भिस मार्फत अन्तराष्ट्रिय बजारमा सेवा विस्तार गर्न सकिन्छ । यसरी उक्त सेवालाई प्रशासनको आर्थिक स्रोतका रुपमा लिन सकिन्छ ।

अस्पतालको आफ्नै प्रयोगशालामा विभिन्न किसिमका अनुसन्धान सञ्चालन गरी नोबल फुड, थेराप्युटिक फुड, सप्लिमेन्टरी फुड, प्रोटोटाइपिक फुड तयार गर्न तथा त्यसलाई बृहत स्कृलमा बिस्तार गर्न पनि सकिन्छ । सम्बन्धित बिषय विज्ञबाट गुणस्तरीय शिक्षा प्रदान गरिने हुँदा विद्यार्थीको आर्कषण बढाउछ । राष्ट्रिय एवम् अन्तराष्ट्रिय उच्चपदस्त व्यक्तिहरुको खानपानको प्राविधिक जिम्मेवारीले अस्पतालको मार्केट भ्यालु थप वृद्धि गर्दछ । यि सबैबाट स्वास्थ्य संस्थाको स्वदेश तथा विदेशमा उल्लेख्य प्रचारप्रसार र अस्पतालको विशेषज्ञता वृद्धि गर्दछ । त्यसमा पनि स्वास्थ्य विमा, अन्य ठूला रोगको उपचारमा सरकारी सुविधा प्रदान गर्ने अस्पतालमा डाइटिसियन तथा पोषणविद्को सेवा प्रयोग गर्ने बिरामीको चाप हुने गरेको पाइन्छ ।

यसरी मृत्युको मूल कारण बनेको नसर्ने एवम् सङ्क्रामक रोगबाट बच्न समग्र आहार तथा पोषण व्यबहारमा नै परिवर्तन आउन जरुरी छ र यस्ता रोगको व्यबस्थापनमा न्युट्रिसनको भूमिका अहम रहेको तथ्य आधुनिक चिकित्सा विज्ञानले प्रस्ट्याएसँगै बिरामी र अस्पतालको डाइटिसियनप्रति चार्म बढ्नु स्वाभाविक हो । तर बिडम्बना नियमनकारी स्पष्ट ऐन नबनेको र जारी भएका सरकारी नियम, नियमावली, रणनिति, मापदण्डहरु पूर्ण रुपले कार्यान्वयन भएका छैनन् ।

उचित पारिश्रमिक नदिनु, शय्या क्षमताभन्दा ज्यादै कम डाइटिसियन राख्नु, अन्य विभागहरु समन्वयकारी नहुनु लगायतले सेवा प्रभावकारीतामा समस्या निम्त्याएको छ । संघीय, प्रादेशिक, स्थानीय निकायमा पोषण महाशाखा गठन गरी पोषण संवेदनशिल कार्यक्रमहरु विकास, कार्यान्वयन, अनुगमन तथा मुल्याकंन गर्ने, प्रादेशिक तहमा सामाजिक विकास मन्त्रालय, पोषण महाशाखा अर्न्तगत पोषण प्राविधिक गठन गर्ने, ५० वा सोभन्दा बढि शय्या भएका अस्पतालमा पोषण पुनःस्थापना गृह स्थापना गर्ने, बहुक्षेत्रीय पोषण योजना सुदृढीकरण गर्ने जस्ता अनेकन रणनितिक दस्तावेज बर्षेनी प्रकाशित मात्रै भइरहेका छन् । स्वास्थ्य नियमावलीमा डाइटिसियन र पोषणविद गरी ५ औं देखि १२ औं तहसम्म व्यबस्था स्पष्ट छ । त्यस्तै स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ मा जनरल २५ शैयामाथिको अस्पतालमा १ जना डाइटिसियन, विशेषज्ञ अस्पतालमा १ जना, बिशिष्टिकृत अस्पतालमा १ जना, १०० देखि ३०० शैयाको जनरल अस्पतालमा सिनियर सहित २ जना, स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा शिक्षण अस्पतालमा २ जना अनिवार्य राख्नुपर्ने व्यबस्था स्पष्ट छ ।

मापदण्ड कार्यान्वयन एक चुनौती हो भने काउन्सिलको व्यबस्था नहुँदा स्वास्थ्यकर्मीको लाइसेन्सिङ र दर्ता प्रकृया अन्योलमा हुँदा यसको प्रत्यक्ष मारमा जनशक्ति परिरहेका छन् भने उपभोक्ताको गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने हक कुण्ठित भइरहेको छ । काउन्सिलको व्यवस्थादेखि मापदण्ड कार्यान्वयन गरी सेवाग्राहीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नेपाल सरकार, लोकसेवा आयोग, त्रि.वि, चिकित्सा शिक्षा आयोग, प्रदेश तथा स्थानिय तह एवम् स्वास्थ्य संस्थाले समन्वयात्मक भूमिका निर्वाह गर्न जरुरी छ । (लेखक विक्रम ढकाल 'सुबिम' बि.एस.सी न्युट्रिसन एण्ड डाइटेटिक्स चौथो बर्षमा अध्यनरत छन् ।) स्वास्थ्य खबरबाट





डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# साह दम्पत्तिलाई जन्मकैदको फैसला

**राजविराज**/जिल्ला अदालत सप्तरीले एक महिलाको हत्यामा संलग्न देवर र देवरानीलाई जन्मकैदको फैसला सुनाएको छ।

राजविराज वडा नं. १५ मुसहर्नियाकी २४ वर्षीया बेचनीदेवी साहको हत्यामा संलग्न ३५ वर्षीय पञ्चदेव र उनकी श्रीमती ३१ वर्षीया प्रमिलादेवीई जन्मकैदको फैसला सुनाएको हो।

न्यायाधीश ऋषिराम आचार्यको एकल इजलाशले साह दम्पतीलाई उक्त सजायको फैसला सुनाएको हो।

यस्तै हत्यामा संलग्न प्रमिलाका भाइ डाक्नेश्वरी नगरपालिका ७ ब्रह्मपुरका ३६ वर्षीय सत्यनारायण साहलाईसमेत अदालतले तीन वर्ष कैदको फैसला गरेको छ। अदालतले राजविराज नगरपालिका १५ मुसहर्नियाका २४ वर्षीय धर्मेन्द्र साह र ३५ वर्षीय जिवछनारायण साहलाई भने सो घट्नामा सफाइ दिएको छ।

बि.स. २०७५ जेठ ३१ गते बेचनीदेवीको शव उनकै घरको शौचालयको सेफ्टी टचाङ्कीमा फेला परेको थियो। बेचनीदेवीका बुबा रामकुमारले २०७६ असार ६ गते जिल्ला प्रहरी कार्यालयमा उजूरी दिएका थिए।

# लागूऔषधसहित सप्तरीका एक र दुई भारतीय यूवक पक्राउ

**सुनसरी**/लागूऔषधसहित सप्तरीका एक यूवक र दुई भारतीय यूवकलाई प्रहरीले सुनसरीको कोशी गाउँपालिका ८ कोशी कटानबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका ७ का २१ बर्षीय सुरज ठाकुर रहेका छन्।

त्यस्तै प्रहरीले भारतको बिहार राज्यस्थित सुपौल जिल्ला भगवानपुर पंञ्चायत सम्दाहा गडी १२ का २२ बर्षीय अवधेश कुमार मण्डल र २५ बर्षीय रोशन मण्डललाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई लागूऔषध डाईलेक्स डी.सी. ६० बोतल, स्पास्मोप्रोक्सीभन १००८ क्याप्सुल र भारतिय नगद रु. २० हजार सहित पक्राउ गरेको हो।

पक्राउ परेका तीनैजना उपर लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिमको कारवाही अगाडी वढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

# एक हजारका २५ थान नक्कली नेपाली नोटसहित पाँच पक्राउ

**बारा**/नक्कली नेपाली नोटसहित बारा प्रहरीले पाँचजनालाई एक होटलबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा रैतहट गुजरा नगरपालिका ३ निवासी २४ बर्षीय सुनिल कुमार राम, ३६ वर्षीय रबिन्द्र कुमार चौधरी, बारा करैयामाई गाउँपालिका ५ का ३६ वर्षीय विशेश्वरप्रसाद चौधरी, बारा कलैया उपमहानगरपालिका ९ का २४ बर्षीय सागर शुक्ला र कलैया उपमहानगरपालि ९ हाल बारा बिश्रामपुर गाउँपालिका ५ ईटियाही टोल बस्ने २५ वर्षीय राजु कुशवाह छन्।

पक्राउ परेका साथबाट प्रहरीले नक्कली नेपाली रूपैयाँ १ हजार दरका २५ थान नोट, बा ९१ प ७४३५ नम्बरको मोटरसाईकल र बा १४ च ९३८२ नम्बरको स्कारपियो गाडीसमेत बरामद गरेको छ।

होटलमा नेपाली नक्कली नोटको कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय निजगढ बाराबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको जनाएको छ।

पक्राउ परेकाहरुलाई बारा जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# नौं वर्ष कैद र जरिवाना तोकिएको फरार प्रतिवादी पक्राउ

**राजविराज**/अपहरण मुद्दामा अदालतबाट ९ वर्ष कैद र जरिवाना तोकिएको फरार एक प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. ७ ब्रहमपुर निवासी ४५ वर्षिय शिव कुमार मण्डल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

अदालतको फैसला लगत्तै फरार रहेका प्रतिवादी मण्डललाई बिहीबार आफ्नै घर गाउँमा लुकीछिपी बसेको अबस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घटना विवरण अनुसार स्थानिय जसकरण चौधरीको जाहेरीका आधारमा २०६७ माघ १३ गते साबिकको ब्रम्हपुर गाबिस वडा नं. ५ स्थितबाट स्थानिय १३ वर्षिय पुनित चौधरीलाई शिव कुमार मण्डल समेतले अपहरण गरी शरीर बन्धक बनाएको अपहरण शरीरिक बन्धक लिने मुद्दामा सप्तरी जिल्ला अदालतले २०७१ बैशाख ३ गतेको ९ बर्ष कैद र १ लाख ५३ हजार १ सय ३३ रुँपैया जरिवानाको फैसला गरेको थियो।

यता पक्राउ परेको मण्डललाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानको लागी राजविराज कारागार चलान गरे प्रहरीले जनाएको छ।

**खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध**

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

## अन्तर्राष्ट्रिय समाचार

# तालिवानले महिलालाई पढ्न दिने

काबुल, २८ भदौ (रासस/एएफपी)।

अफगानिस्तानमा तालिवानी समूहले छात्रालाई पनि अध्ययनका लागि विश्वविद्यालय जान अनुमति दिने निर्णय गरेको छ।

तालिवानको सत्ता आएपछि छात्रालाई विश्वविद्यालय जान प्रतिवन्ध लगाउने आशंकाकाबीच उनीहरुले विश्वविद्यालय जान दिने बताएका हुन्।

तर एउटै कोठामा छात्रा र छात्रलाई सँगै राख्न भने नपाइने तालिवान सरकारका उच्च अधिकारीहरुले जनाएका छन्।

विश्वविद्यालयहरुमा महिलालाई पुरुषहरुभन्दा छुट्टै राख्न तालिवान सरकारका नयाँ शिक्षा मन्त्रीले निर्देशन दिनुभएको छ।

विश्वविद्यालयमा छात्रालाई पनि जान दिने निर्णयलाई तालिवानको यसअघि सन् १९९६ देखि २००१ सम्मको शासन व्यवस्थाभन्दा लचक हुने संकेतका रुपमा लिइएको छ।

अघिल्लो शासनकालमा अफगानिस्तानमा महिला र बालिकाहरूलाई विद्यालय र विश्वविद्यालयमा जान प्रतिबन्ध लगाइएको थियो।

विश्वविद्यालयहरूलाई लिङ्गका आधारमा पोसाकसम्बन्धी नयाँ नियम लागु पनि गरिने तालिबानले जनाएको छ।

उच्च शिक्षासम्बन्धी मन्त्री अब्दुल बाकी हक्कानीले विद्यार्थीहरूलाई अध्यापन गराइने विषयहरूको समीक्षा गरिने पनि जानकारी दिनुभयो।

तालिबानले महिलाहरूलाई शिक्षा र रोजगारीमा प्रतिबन्ध नलगाउने जनाएको छ। तर गत अगस्ट १५ मा सत्ता आफ्नो हातमा लिएसँगै तालिबानले सुरक्षा अवस्थामा सुधार नआएसम्म स्वास्थ्यकर्मीबाहेक अन्य महिलालाई कामबाट टाढै बस्न निर्देशन दिएको छ।

तालिवानको अघिल्लो पटकको आफ्नै शासनकालमा भन्दा केही लचक भएपनि निवर्तमान सरकारभन्दा अहिलेको सरकार कठोर देखिएको छ।

तालिबानले झण्डै एक महिनाअघि निर्वाचित सरकारलाई अपदस्थ गरी सत्ता कब्जा गरेको थियो। प्रदेश राजधानीहरु कब्जा गर्दै केन्द्रीय राजधानी कब्जा गर्न लागेपछि तत्कालिन राष्ट्रपति अशरफ घानीले देश छोडेर भागेपछि सत्ता तालिवानको हातमा आएको हो।

उनीहरुले अहिले कामचलाउ सरकार बनाएका छन् भने अरु धेरै कामहरुमा अन्यौल देखिएको छ। एजेन्सी

# अफगानिस्तानमा मानवीय संकट आउन लागेको भन्दै संयुक्त राष्ट्रसंघद्वारा सहयोग आह्वान

**जेनेभा**/अफगानिस्तानमा ठूलो मानवीय सङ्कट आउन लागेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। संयुक्त राष्ट्रसङ्घले यसका लागि विश्व समूदाय गम्भीर हुनुपर्ने पनि बताएको छ। यहाँको आर्थिक अवस्था ध्वस्त भएको र ठूलो मानवीय सङ्कट आउन लागेको भन्दै त्यहाँ आवश्यक सहयोग उपलब्ध गराउन भनिएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले सो विषयमा विश्वको ध्यानाकर्षण गराउनुभएको बताइएको छ। सोमवार जेनेभामा आयोजित एउटा सम्मेलनमा अन्तरराष्ट्रिय दातासँग संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसले सहयोगको आह्वान गर्नुभएको हो।

गत महिना सशस्त्र विद्रोहमार्फत् अफगानिस्तानको सत्ता तालिबानीले हातमा लिएका थिए। त्यसयता वैदेशिक सहायता पनि ठप्प भएको छ।

अफगानिस्तानका नागरिकलाई तत्कालै खाना, औषधि, स्वास्थ्य सेवा तथा पछिल्लो समयमा सुरक्षित पिउने पानीको पनि समस्या रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। महासचिव गुटर्रेसले सो सम्मेलनमा करिब ६० करोड अमेरिकी डलरको तत्कालै आवश्यकता रहेको बताउनुभयो। उहाँले यो सहयोग तत्कालै उपलब्ध भएमा अफगानिस्तानका दशौँ लाख मानिसलाई राहत पुग्ने पनि बताउनुभएको थियो।

यहाँको पछिल्लो राजनीतिक परिवर्तनपछि नागरिक निकै नै ठूलो जोखिममा परेका भन्दै उहाँले भन्नुभयो, हामीले यहाँ यो कुरा त्यसै भनेका छैनौं कि अफगानिस्तानको अवस्था साँच्चिकै नराम्रो छ।

अन्तरराष्ट्रिय समुदायसँग सहयोग माग्दै संयुक्त राष्ट्रसङ्घले तालिबानलाई सहयताकर्मीलाई यहाँका विभिन्न स्थानमा उनीहरुले सहयोग गर्न पुगे भने उनीहरुलाई नरोक्न पनि आह्वान गरेको छ।

तालिबान लडाकूले अफगानिस्तानमा नियन्त्रण कायम गर्नुअघि नै द्वन्द्वका कारण साढे पाँच लाख मानिस आफ्नो वासस्थानबाट विस्थापित भएका थिए। हाल पनि अफगानिस्तानका लाखौँ नागरिक आन्तरिकरूपमा विस्थापित भएर देशभित्रै शरणार्थीको जस्तो अवस्थामा बाँच्न बाध्य भएको बताइएको छ। एजेन्सी

# एक हजार ५ सय ५८ संक्रमित थपिए, १० को मृत्यु

**काठमाडौं**/देशभर १ हजार ५ सय ५८ जनामा कोरोनाभाइरस संक्रमण पुष्टि भएको छ । सोही अवधिमा १० जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बितेको २४ घण्टामा १ हजार ३ सय ५१ जना संक्रमणमुक्त भएका छन् । यस्तै थप १० जनाको मृत्यु हुँदा मृतकको कुल संख्या ११ हजार १२ पुगेको छ ।

यस्तै हालसम्म कोरोना संक्रमितको कुल संख्या पीसीआर विधिबाट भएको परीक्षणमा ७ लाख ८३ हजार ७५ पुगेको छ भने एन्टिजेन विधिबाट भएको परीक्षणमा ८८ हजार ६५९ जना पुगेको छ ।

संक्रमितमध्ये हालसम्म ७ लाख ४६ हजार ५६६ जना निको भएका छन् । हाल देशभर २५ हजार ४९७ जना सक्रिय संक्रमित रहेका छन् ।

# चीनबाट ४४ लाख डोज भेरोसेल खोप आइपुग्यो

**काठमाडौं**/चीनबाट खरिद गरिएको ४४ लाख डोज भेरोसेल खोप शनिबार अपरान्ह नेपाल आइपुगेको छ ।

नेपाल वायुसेवा निगमको चार्टर्ड जहाजले सवा २ बजे खोपलाई काठमाडौं ल्याएको निगमका प्रवन्ध निर्देशक डिमप्रकाश पौडेलले बताएका छन् ।

सरकारले चीनसँग पछिल्लो पटक ६० लाख डोज भेरोसेल खोप खरिद गरेको थियो । जसमध्ये १६ लाख डोज खोप भदौ ४ र ५ गते नै आइसकेको छ । खोप ल्याउन निगमको वाइडवडी ३३० जहाज बिहीवार बेइजिङ गएको थियो ।

पहिलोपटक एकै खेपमा यति धेरै खोप ल्याइएको हो । यसअघि एक भायलमा दुई डोज मात्र हुन्थ्यो जसले एक खेपमा ८ लाख भायल ल्याउने गरिएको थियो। अहिले चीनले एक भायलमा ५ डोजको खोप उत्पादन गर्छ । जसले गर्दा एकै पटक ४४ लाख डोज खोप ल्याउन सकिएको हो

# सप्तरीमा सबै संक्रमित होम आइसोलेशनमा

**राजविराज**/सप्तरीमा कोरोना संक्रमितहरु न्यून हुन थालिएपछि निर्माण गरिएका सबै आईसोलेशन केन्द्र तथा अस्पतालका शैयाहरु खाली भएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार जिल्लामा ९ जना मात्र सक्रिय संक्रमित रहेका छन् । उनीहरु सबै घरमै होम आइसोलेशनमा बसेकाले जिल्लाका सबै आईसोलेशन वाड खाली भएको हो।

उनले हाल सक्रिय संक्रमित रहेका दुई महिलासहित सबै जनाले आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै होम आईसोलेशनमा वस्ने इच्छा जाहेर गरेकाले सरकारी र स्थानीय तह स्तरबाट निर्माण गरिएका आईसोलेशन वाडका शैयाहरु खाली भएको हो ।

कोरोनाको जोखिमलाई ध्यानमा राख्दै जिल्लास्थित गजेन्द्रनारायण सिह अस्पताल, साईकृष्णा मेडिकल कलेज, युनिक अस्पताल, छिन्नमस्ता अस्पताल, भारदह अस्पताल, शत्रुघन अस्पताल तथा हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका र खडक नगरपालिकाका गरी ९ स्थानमा ३ सय भन्दा बढी बेडको आईसोलेशन वाड संचालनमा ल्याइएको थियो ।

विगतको तुलनामा हाल संक्रमण दर घटेपनि जोखिम भने कायमै रहेकाले सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड अझै कडाईका साथ पालना गर्नु पर्ने उनको सुझाव समेत छ ।

जिल्लामा कोरोनाको पहिलो लहरमा ४१ र दोश्रो लहरमा १ सय १८ गरी १ सय ५९ जनाको ज्यान गएको छ । कोरोनाको कारण हाल सम्म १ सय ५९ जनाले ज्यानको गुमाएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

**जनज्योतीले ...**

सम्ममा २ करोड १९ लाख २ हजार ८ सय ३४ रुँपैया १५ पैसासम्म पुऱ्याउने लक्ष्य रहेको बताए ।

त्यस्तै निक्षेप संकलन तर्फ आ.ब. २०८१/८२ सम्ममा २३ करोड ७६ लाख ९४ हजार ४ सय ४६ रुँपैया ५३ पैसा पुऱ्याउने व्यवसायीक योजना सार्वजनिक गरे ।

आयोजित पत्रकार सम्मेलनमा संस्थाको स्विकृत कार्यक्षेत्रका बहुसंख्यक जनसंख्या कृषि पेशामा आवद्ध भएका कारण कृषि पेशालाई प्रविधि मैत्री बनाई नागरिकहरुलाई वढि भन्दा वढि व्यवसायिक बनाउने उद्धेश्यले संस्था स्थापना एवं संचालन गरिएको अध्यक्ष मण्डलको भनाई थियो ।

उक्त अवसरमा संस्थाका उपाध्यक्ष डम्बर नारायण यादव, कोषाध्यक्ष मनोज यादव, राष्ट्रिय सहकारी बैंक बैकका प्रमुख लगायत संस्थाका कर्मचारी एवं संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

**अशक्तलाई ...**

उपाध्यक्ष दिनेश यादव, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, मन्त्री साहका स्वकिय सचिव राजकुमार यादव लगायतले पनि छात्राहरुलाई साईकल र शारिरीक रुपमा अशक्त भएकाहरुलाई ह्विलचियर वितरण गरेका थिए ।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी






नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *saptahiknavin@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*